# आर्थिक वर्ष २०८३/०८४
# को
# नीति तथा कार्यक्रम

हरिपुर्वा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
हरिपुर्वा, सर्लाही
मधेश प्रदेश, नेपाल
मितिः २०८३/०३/०५

# हरिपुर्वा नगरपालिकाको आ. व. २०८३/०८४ को नीति तथा कार्यक्रम

हरिपूर्वा नगरपालिकाको गरिमामय नगर सभामा उपस्थित सम्पूर्ण आदरणीय अतिथि ज्युहरु सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी, सुरक्षाकर्मि, समाजसेवी र सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक स्वागत गर्दछु। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना र यसको प्राप्तिका लागि प्राण आहुति दिनुहुने ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

हामी निर्वाचित भएको यो अन्तिम बर्ष रहेको छ । निर्वाचित भएपछिका यी ५ बर्ष यस नगरपालिकाको आरोह-अवरोहको हामी सबै साक्षी छौं । जनतामा गरिएको कति प्रतिबद्धता यथार्थ कार्यन्वयन गर्न सक्यौं सकेनौं यी समिक्षाको बिषय रहनेछ ।

यहि परिवेशको बिच सुशासनको क्षेत्रमा आवश्यक कदम चाल्दै समृद्ध हरिपुर्वा र सुसंस्कृत हरिपुर्वाबासी बनाउने हाम्रो प्रयत्न निरन्तर रहेको छ । नगरको भौगोलीक विविधता समेटदै आर्थिक. समाजिक र धार्मिक विविधताहरुको बीच समतामुलक र सन्तुलीत बिकासमा हामी प्रयत्नशिल रहेका छौं ।

हालसम्म गरिएका बिकासका क्रियाकलापहरुको जगमा उभिएर संघिय/प्रादेशिक नीति तथा कार्यक्रमको सामञ्जस्यता संगै स्थानीय आवश्यकता अनुरुप प्रस्तुत नीति तथा कार्यक्रम तयार गरिएको छ ।

प्रविधिको प्रयोग गर्दै हरिपुर्वा नगरपालिकालाई थप समृद्ध र सुशासित नगरको रूपमा विकास गर्न आर्थिक, सामाजिक, पूर्वाधार र वातावरणीय विकासका क्षेत्रहरूलाई समेटेर यो नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

**१. आर्थिक विकास क्षेत्र**

**क. कृषि क्षेत्र**

- कृषि योग्य जमिनको संरक्षण गर्दै उत्पादनमा आत्मनिर्भर बनाउन आवश्यक रणनीति लिईनेछ।
- कृषकहरूको मनोबल उच्च बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- वास्तविक किसानहरूको पहिचान गर्न किसान सूचीकरण कार्यक्रम निरन्तरता दिई किसान परिचयपत्र वितरण गरिनेछ।

- कृषि उपजहरूको संरक्षण र बजारीकरणका लागि उपयुक्त स्थानमा कोल्डस्टोर (शीत भण्डार) निर्माण कार्यलाई अगाडि बढाइनेछ।
- माछा उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउन पोखरी निर्माण र प्राविधिक सहयोगमा विशेष अनुदान उपलब्ध गराउन पहल गरिनेछ।
- बाँझो जमिन राख्न नपाउने नीति लागू गर्दै त्यस्ता जमिनमा व्यावसायिक खेती र घाँस, फूल तथा नर्सरी सञ्चालनलाई प्रोत्साहन गरिनेछ।
- व्यावसायिक दुग्ध उत्पादक किसानहरूलाई प्रोत्साहन गर्न विशेष अनुदानको व्यवस्था गरिनेछ।
- विषादीरहित कृषि प्रणालीलाई बढावा दिन सचेतना कार्यक्रम र जैविक एवं प्राङ्गारिक मलको वितरणलाई प्राथमिकता दिइनेछ।
- पशुहरुमा कृतिम गर्भाधानको कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुहरुमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरीनेछ ।
- साना सिंचाईको पुर्वाधार निर्माणतर्फ लगानी गरिनेछ ।
- संचित क्षेत्र बृद्धि गर्न कृषि बिद्युतिकरण र तार पोल जडान जस्ता कृयाकलापहरुलाई निरन्तरता दिईनेछ ।
- सिंचाईतर्फ डिप ट्युबवेल, स्यालो ट्युबवेल र बोरिङ्ग निर्माणमा निरन्तरता दिईनेछ साथै वोरिङ्गको लागि प्राप्त ३ करोड कार्यान्वयनमा लगिनेछ।

**ख. उद्योग, व्यापार र व्यवसाय**

- नगरपालिका क्षेत्रभित्र स्थापित भई २० जनाभन्दा बढीलाई रोजगारी दिने उद्योगहरूलाई लाग्ने करमा निश्चित प्रतिशत छुटको व्यवस्था गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका उद्योग तथा व्यवसायहरूमा तोकिएको करमा विशेष छुट दिइने नीति अवलम्बन गरिनेछ।
- एकल महिलाको नाममा सञ्चालित व्यवसाय र सम्पत्ति करमा छुट गराइनेछ।
- युवा तथा महिलाहरूको उद्यमशीलता विकासका लागि सीपमूलक तालिम र गोष्ठीहरूको आयोजना गरिनेछ।

- लघु तथा साना उद्यमलाई प्रवर्द्धन गर्न घरेलु कार्यालय र उद्योग वाणिज्य सङ्घसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला रोजगारीको लागी उद्यमशिलता विकाश गर्ने कार्यक्रम सञ्चालन गरीनेछ ।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरीनेछ ।

**ग. पर्यटन तथा संस्कृति**

- धार्मिक पर्यटकहरूको बसोबास र सुविधाका लागि नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा धर्मशाला निर्माणमा पहल गरिनेछ।
- छठ पर्वलगायतका धार्मिक अनुष्ठानका लागि उपयुक्त स्थानहरूमा व्यवस्थित छठ घाट निर्माण गरिनेछ।
- नगरभित्रका आदिवासी, जनजाति, दलित र थारू लगायत लोपोन्मुख जातिहरूको भाषा, धर्म र संस्कृतिको संरक्षण गर्न मधेश बहु-सांस्कृतिक सङ्ग्रहालय निर्माणको पहल गरिनेछ।
- कालिकास्थान, महादेव मठ, शैलेश पोखरी र बाघवला कुटी जस्ता धार्मिक स्थलहरूको मर्मतसम्भार र पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ।

**घ. गरिबी न्यूनीकरण र सहकारी**

- 'गाउँ गाउँ सहकारी घर घरमा रोजगारी' भन्ने नारालाई मूर्तरूप दिन एक वडा एक कृषि सहकारी गठन गर्ने नीति लिइनेछ।
- सहकारीहरूलाई रोजगारमूलक विभिन्न उद्यमहरू र व्यावसायिक कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।
- सबै सहकारीहरूलाई व्यवसाय दर्ता र नवीकरणको दायरामा ल्याई नियमन कार्यलाई प्रभावकारी बनाइनेछ।

**२. सामाजिक विकास क्षेत्र**

**क. शिक्षा क्षेत्र**

- विपन्न परिवारका कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरूलाई विशेष छात्रवृत्ति प्रदान गरिनेछ।

- दलित तथा विपन्न परिवारका कक्षा ८ मा अध्ययनरत छात्राहरूलाई प्रोत्साहनस्वरूप विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- सामुदायिक विद्यालयमा अध्ययनरत किशोरी छात्राहरूका लागि निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालयहरूमा शिक्षकको अभाव पूर्ति गर्न र विद्यार्थी-शिक्षक अनुपात कायम गर्न नगर स्वयंसेवक शिक्षकको व्यवस्था गरिनेछ।
- रामजानकी आधारभुत विद्यालय हरिपुर्वा -६ को भवन निर्माणको कुल लागत ७ करोड यस बर्षदेखि कार्यान्वयन गरिनेछ।
- केश्वर गरीब जनता मा.वि. को पुर्वाधार निर्माण गरीनेछ ।
- सबै सामुदायिक विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गरिनेछ।
- सामुदायिक विद्यालयहरूलाई ICT ल्याब बार्यक्रमलाई निरन्तरता दिई आवश्यक फर्निचरको व्यवस्था मिलाइनेछ।

**ख. स्वास्थ्य क्षेत्र**

- नगर अस्पताल र स्वास्थ्य चौकीहरूमा बर्थिङ सेन्टर सेवा विस्तारका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गरिनेछ।
- नवजात शिशुको निःशुल्क उपचार र गर्भवती महिलाहरूको लागि 'न्यानो झोला' वितरण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- सार्वजनिक सङ्घ-संस्था, सरकारी कार्यालय, विद्यालय र सार्वजनिक स्थलहरूमा मदिरा र सुर्तीजन्य पदार्थको सेवनलाई पूर्ण रूपमा निषेध गरिनेछ। साथै मदिरा र सुर्तिजन्य पदार्थको सेवनबाट हुने हानी सम्बन्धमा जनचेतना अभिबृद्धि गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन भत्ता र 'सुनौलो अवकाश योजना' लागू गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ।
- आयुर्वेद चिकित्सा प्रणालीको प्रभावकारी विकासका लागि निर्माणाधीन आयुर्वेद भवनको निर्माण सम्पन्न गरिनेछ।

- स्वास्थ्य जनशक्तिको क्षमता अभिबृद्धिमा जोड दिईनेछ र आगामी आ.ब.मा PAMS V2 जस्ता तालिम दिईनेछ।
- "म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य" "मेरो स्वास्थ्य-मेरो जिम्मेवारी" जस्ता टोल/बस्तीस्तरमा स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

**ग. खानेपानी तथा सरसफाइ**

- सार्वजनिक स्थल र सामुदायिक विद्यालयहरूमा शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ।
- 'हरिपुर्वा नगर, स्वच्छ सहर' को लक्ष्यसहित सहरका मुख्य चोकहरूमा डस्टबिनको व्यवस्था र नियमित सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ।
- हरिपुर्वा न. पा. को लागि खानेपानी संरचना निर्माण अन्तर्गत खानेपानी ट्याङ्की निर्माणको लागि ३ करोड स्वीकृत रकम कार्यान्वयन गरिनेछ।
- शुद्ध खानेपानीका लागी आवश्यक संरचना निर्माण शुरु गरीनेछ साथै चापाकल जडान समेत गरीनेछ।
- हालको फोहोर सङ्कलन प्रकृया निरन्तरता दिई संकलन केन्द्र र बिसर्जन स्थल (ल्याण्डफिल्ड साईट)को सम्बन्धमा आवश्यक कार्यक्रम अगाडी बढाईनेछ।

**घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- बालबालिकाको चौतर्फी विकासका लागि बाल क्लब र बाल सञ्जाल गठन गरी आधुनिक बाल उद्यान निर्माणको थालनी गरिनेछ।
- वालकोषलाई निरन्तरता दिंदै आपतकालिन बाल कोषलाई समुचित प्रयोग गरिनेछ । यि दुवै कोष अभिबृद्धिको लागी गैह्र सरकारी संस्थासंग हातेमालो गरिनेछ ।
- पूर्ण अशक्त र अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना र अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा पहल गरिनेछ।
- जातीय विभेद न्यूनीकरण र समतामूलक समाज निर्माणका लागि चेतनामूलक र अभियानात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**ङ. युवा तथा खेलकुद**

- नगरस्तरीय खेलकुद विकासका लागि आवश्यक कृयाकलाप सञ्चालन गरिनेछ।

- लोप हुँदै गएका स्थानीय खेलकुदहरूको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।
- युवा सशक्तिकरणको क्षेत्रका आवश्यक कदम चाल्दै युवा क्षेत्रमा बढ्दो दुर्व्यसन रोकथाममा आवश्यक कदम चालिनेछ ।

**३. पूर्वाधार तथा सहरी विकास क्षेत्र**

**क. सडक, पुल तथा यातायात**

- नयाँ पक्की सडक निर्माणका साथै पुराना जीर्ण सडकहरूको मर्मत सुधारलाई विशेष प्राथमिकता दिइनेछ।
- हरिपुर्वा नगरपालिकाको रिङ्गरोड (चक्रपथ) निर्माणका लागि आवश्यक पहल गरिनेछ।
- सवारी दुर्घटना न्यूनीकरणका लागि सडक सुरक्षा र ट्राफिक नियम सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू अभियानकै रूपमा सञ्चालन गरिनेछ।
- आवश्यकता अनुसार विभिन्न झोलुङ्गे पुलहरूको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- विभिन्न सडक तथा कृषि सडकहरुको निर्माण तथा स्तरोन्नती गरीनेछ ।

**ख. भवन निर्माण तथा ऊर्जा विकास**

- भवन निर्माण मापदण्ड २०७२ को आधारमा घरहरूको नक्सा पास र निर्माण स्वीकृति प्रक्रियालाई कडाइका साथ लागू गरिनेछ।
- हरिपुर्वा नगरलाई उज्यालो बनाउन सौर्य सडक बत्ती (सोलार लाइट) जडान कार्यलाई प्राथमिकता दिइनेछ।
- भूमिहीन, अव्यवस्थित बसोबासी र सुकुम्बासीहरूका लागि सुरक्षित सामूहिक आवास निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ।

**ग. सूचना प्रविधि**

- नगरपालिकाको प्रत्येक वडामा सञ्चालित फ्री वाइफाइ (Free WiFi Zone) कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- नगरपालिका र वडा कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई अनलाइन प्रणाली (डिजिटलाइजेसन) मार्फत सञ्चालन गरिनेछ।
- सार्वजनिक सुनुवाइ र चौमासिक प्रगति प्रतिवेदन सार्वजनिक गर्ने प्रणालीको विकास गरी सूचनाको हकलाई प्रत्याभूति गरिनेछ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन**

**क. वन तथा जैविक विविधता**

- 'हाम्रो नगर, हरित सहर' को लक्ष्यका साथ खाली, सार्वजनिक, बाँझो र नदी किनारका जग्गामा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।
- हरियाली प्रवर्द्धन अभियानलाई टोल विकास संस्थाहरूमार्फत बस्तीस्तरसम्म पुर्‍याई उत्कृष्ट कार्य गर्ने संस्थालाई पुरस्कृत गरिनेछ।

**ख. विपद् व्यवस्थापन**

- विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालनलाई थप व्यवस्थित गर्दै सहयोगी निकायहरूलाई कोषमा रकम जम्मा गर्न आह्वान गरिनेछ।
- आगलागी नियन्त्रणका लागि दमकल खरिद गर्न साझेदार निकायहरूसँग सहकार्य र समन्वय गरिनेछ।
- बाढी, डुबान र नदी कटान नियन्त्रणका लागि पूर्वतयारी रणनीति तयार गरी तटबन्ध निर्माण कार्यलाई अगाडि बढाइनेछ।

**५. सुशासन तथा संस्थागत विकास**

- कार्यरत कर्मचारीको मुल्याङ्कन गर्न सकिने कार्यसम्पादन सूचकाङ्क सहितको कार्यविवरण लागु गरी "कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली" लागु गर्दै अधिक काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गर्ने पद्धति लागु गरीनेछ ।
- कानून बमोजिम यस नगरपालिकाको O&M Survey (संगठन तथा व्यवस्थापन सर्भेक्षण) यसै आर्थिक बर्षभित्र गरी थप जनशक्तिको व्यवस्थापन गरीनेछ ।

- नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरूलाई क्रमशः डिजिटलाईजेशन गर्दै सेवा प्रवाहलाई सरल, सहज, थप सुलभ र पारदर्शी बनाइनेछ जसले नगर सरकारको निर्णय प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाउँदै समग्र कार्यप्रणालीलाई नतिजामुखी र कार्यसम्पादनमा आधारित बनाइनेछ।

- सङ्घीय र प्रादेशिक कानुनले तोकेका बाहेक नगरपालिका र वडा कार्यालयबाट लिइने सिफारिस दस्तुर निःशुल्क गरिनेछ।

- स्थानीय स्तरमा न्याय सम्पादन कार्यलाई वस्तुपरक र विश्वसनीय बनाउन न्यायिक समितिको संस्थागत, भौतिक तथा प्राविधिक क्षमता विकास गरिनेछ जसको कारण सर्वसाधारणको न्यायमा सहज पहुँच सुनिश्चित गर्न स्थानीय न्याय सम्पादन प्रक्रियालाई थप छिटो-छरितो, थप व्यवस्थित र पहुँचयोग्य हुनेछ ।

- नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा नगरपालिकालाई प्रदत्त काम, कर्तव्य र अधिकारको सुव्यवस्थित एवं प्रभावकारी कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

- नगरपालिकाका लागि आवश्यक नयाँ ऐन, कानुन, कार्यविधि र मापदण्डहरूको गहन अध्ययन, अनुसन्धान तथा मस्यौदा तर्जुमा कार्यलाई तीव्रता दिइनेछ।

- सार्वजनिक जग्गाको अतिक्रमण रोक्न लगत सङ्कलन गर्ने र त्यस्ता जग्गालाई संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- गैरसरकारी सामाजिक संस्थाहरूको प्रोफाइल तयार गरी उनीहरूको परिचालन, अनुगमन र मूल्याङ्कनलाई पारदर्शी र उत्तरदायी बनाइनेछ। साथै यी संस्थाहरुलाई नगरपालिकाको नीति अनुरुपका कार्यक्रमहरुमात्र सञ्चालन सञ्चालन गर्न अनुमती दिईनेछ ।

## ६. श्रोत परिचालन

- करको दर बढाउनुभन्दा करको दायरा विस्तार गर्ने कार्यलाई विशेष प्राथमिकता दिइनेछ। सोही अनुरूप लगानीमैत्री र वैज्ञानिक कर नीतिहरू तर्जुमा गरिनेछ।

- करकापले कर तिर्ने होईन रहरले तिर्ने भन्ने नभई नगरवासीको प्रमुख दायित्व र कर्तव्य हो भन्ने भावना जागृत गराइनेछ। कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा समन्यायिक र प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेछ। साथै सेवा बढोत्तरीसंगै सो को लागी आवश्यक थप श्रोत परिचालन गरिनेछ ।

- करहरू लागू गर्दा वैज्ञानिक मूल्यांकन र सर्वसाधारण नागरिकको हित एवं क्षमतालाई विशेष ध्यान दिई न्यायोचित दरहरू निर्धारण गरिनेछ।
- राजनैतिक नेतृत्व र प्रशासनको संयुक्त पहलबाट हालसम्म करको दायरामा नआएका क्षेत्रहरुलाई पहिचान गर्दै दायरा बृद्धि गर्ने अभियान नै चलाईनेछ ।

**७. योजना ब्यवस्थापन**

- नगरपालिकाको योजना छनौट पद्धतिलाई बैज्ञानिक र तथायाङ्कमा आधारित थप यथार्थ र बस्तुपरक बनाउन जोड दिईनेछ ।
- आगामी आ.व. २०८४/८५ को योजना छनौट "योजना बैंक" मार्फत प्रार्थमिकताका आधारमा P1, P2, P3 मा बर्गिकरण गरी छनौट गर्ने आवश्यक संयन्त्र निर्माण गरिनेछ ।
- योजना छनौटमा नागरिकको सहभागीता अधिकाधिक बृद्धि गरीनेछ ।
- संघिय/प्रादेशिक नीति संग अधिकाधिक तादम्यता हुने गरी स्थानीय आवश्यकता र श्रोत परिचालनको सम्भाब्यताको आधारमा मात्र योजना कार्यन्वयनमा लगिनेछ ।

**आदरणीय नगरसभा सदस्य ज्यूहरू,**

अन्त्यमा, यस गरिमामय सभामा प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि हामी सबैको एकीकृत प्रयास अपरिहार्य रहेको छ। यसको कुशल मार्गचित्र तय गर्न नगर कार्यपालिका, संघीय तथा प्रदेश सरकारका निकायहरू, राजनीतिक दलहरू, नागरिक समाज, निजी क्षेत्र एवं सहकारी अभियन्ताहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको रचनात्मक साथ र अर्थपूर्ण सहभागिता रहने दृढ विश्वास लिएको छु।

नगरसभाको यस अधिवेशनमा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुलाई आगामी दिनमा पनि यस्तै सकारात्मक सहयोग र सद्भाव प्राप्त हुने अपेक्षा राख्दै, यो जनमुखी नीति तथा कार्यक्रम रचनात्मक सुझावसहित सर्वसम्मत रूपमा पारित हुनेमा पूर्ण रूपले विश्वस्त छु। अन्तमा, नगरको समृद्धिमा प्रत्यक्ष-परोक्ष जोडिनुहुने सम्पूर्ण महानुभावहरू प्रति हार्दिक कृतज्ञताका साथ धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद !**

**मितिः २०८३ साल आषाढ ५ गते**

विनोद कुमार साह

सभाध्यक्ष एवं नगर प्रमुख